रामधुनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झुम्का, सुनसरी
कोशी प्रदेश, नेपाल

प.सं.:- २०८३।०८४
च.नं. :-

मितिः २०८३।०५।०४

विषय विशेषज्ञ सूचीमा सूचीकृत हुने सम्बन्धी सूचना।
(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०५/४)

प्रस्तुत विषयमा रामधुनी नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरूमा प्रधानाध्यापक वा करारमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न शिक्षा नियमावली, २०५९ (दशौं संशोधन सहित) को नियम ९६क. को उपनियम (१) को खण्ड (ग) बमोजिम गठन हुने शिक्षक छनौट समितिको सदस्य भइ कार्य गर्न र शिक्षकलाई पेसागत सहयोग गर्ने प्रयोजनका लागि विषय विशेषज्ञको रूपमा सूचीकृत हुन इच्छुक तपसिलबमोजिको न्यूनतम योग्यता पुगेका सुनसरी जिल्ला भित्रका स्थायी शिक्षकहरू मध्येबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (मिति २०८३/०५/१८ गतेसम्म) कार्यालय समयमा आफूले सूचिकृत हुन चाहेको तह र विषय समेत खुलाई आवश्यक कागजातहरूसहित यस कार्यालयमा उपस्थित भइ वा **blceramdhuni12345@gmail.com** मार्फत निवेदन पेस गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि शिक्षा नियमावली, २०५९ (दशौं संशोधन सहित) को नियम ९६क. को उपनियम (६) को व्यवस्था बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

तपसिल :

१. न्यूनतम योग्यता:

- माध्यमिक तह (कक्षा ९–१२) का लागि :
  - सम्बन्धित विषयमा कम्तिमा शिक्षाशास्त्र संकायमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको ।
  - सम्बन्धित तहमा कम्तिमा ३ (तीन) वर्ष स्थायी सेवा अवधि पूरा गरेको ।
- आधारभूत तह (कक्षा ६-८) का लागि :
  - सम्बन्धित विषयमा कम्तीमा शिक्षाशास्त्र संकायमा स्नातक वा सो सरह उत्तीर्ण गरेको।
  - सम्बन्धित तहमा कम्तिमा ३(तीन) वर्ष स्थायी सेवा अवधि पूरा गरेको ।
- आधारभूत तह (कक्षा १-५) का लागि :
  - शिक्षाशास्त्र संकायमा स्नातक वा सो सरह उत्तीर्ण गरेको।
  - सम्बन्धित तहमा कम्तिमा ३ (तीन) वर्ष स्थायी सेवा अवधि पूरा गरेको ।

२. पेश गर्नुपर्ने आवश्यक विवरण तथा कागजातहरू:

क. निवेदन । ख. व्यक्तिगत विवरण (Curriculum Vitae / CV)।
ग. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
घ. न्यूनतम तथा माथिल्लो शैक्षिक योग्यताका लब्धाङ्क पत्र (Transcript), चारित्रिक प्रमाणपत्र र अध्यापन अनुमतिपत्रका प्रमाणित प्रतिलिपिहरू।
ङ. स्थायी नियुक्ति पत्र/ बढुवा नियुक्ति पत्रको प्रतिलिपि।

.....
तेजनारायण यादव
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत
रामधुनी नगरपालिका

Scanned with CamScanner
CamScanner